# नेपालगञ्ज राजपत्र

नेपालगञ्ज उपमहानगरपालिकाद्वारा प्रकाशित

नेपालगञ्ज - २, पौष - २०७७

नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली(पहिलो संसोधन) २०७७

नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नगरकार्यपालिकाले देहायका नियमहरु बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यी नियमहरुको नाम "नेपालगञ्ज उपमहानगरपालिकाको सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली राजपत्र प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. मूल नियमावलीमा नियम ७ (२) (ग) थप :** मूल नियमावलीको नियम ७ (२) (ख) पछि ७ (२) (ग) थप गरिएको छ,-

"(ग) नगरसभाबाट बजेट बिनियोजन नभएको भएतापनी तत्कालै कार्य गर्नुपर्ने भनी नगर प्रमुख वा नगरकार्यपालिकाले तोकेको कार्यका लागि कुनै पनि श्रोतको ब्यवस्था गरिएकोमा यस नियमावली बमोजिम खरिद प्रकृया अघि बढाउन सकिने छ।"

**३. मूल नियमावलीमा नियम १०७ (१) मा थप :** मूल नियमावलीको नियम १०७ (१) को अन्तमा देहायको वाक्य थप गरिएको छ,-

"जनश्रमदानको अंश नगरकार्यपालिको निर्णय बमोजिमको हुनेछ।"

**४. मूल नियमावलीको नियम १०७ (५) मा संशोधन :** मूल नियमावलीको नियम १०७ (५) को, नियम १०७ (५) को दोस्रो बाक्यांशमा रहेका "बढीमा बीस प्रतिशत" भन्ने शव्दहरुको सट्टा "बढीमा एक तिहाई" भन्ने शव्दहरु राखिएका छन्।

**५. मूल नियमावलीमा नियम १०७ को उपनियम (६) को खण्ड (क) थप :** मूल नियमावलीको नियम १०७ (६) पछि देहायका नियम १०७ (६) (क) थप गरिएको छ,-

"(क) निमार्ण कार्यको हकमा शुरु लागत अनुमानका कुनै आईटमहरुमा परिवर्तन हुने वा थपघट हुने भएमा अधिकार प्राप्त पदाधिकारी वा अधिकारीबाट लागत अनुमान संशोधन गरे पश्चात मात्र कार्य अघि बढाउनु पर्नेछ।"

६. **मूल नियमावलीको नियम १२९ (१) मा संशोधन :** मूल नियमावलीको नियम १२९ (१) मा देहाय बमोजिमको संशोधन गरिएको छ,

नियम १२९ (१) मा रहेका "निमार्ण व्यावसायी," र "आपूर्तिकर्ता," भन्ने शव्दहरुको बीचमा "उपभोक्ता समिति," भन्ने शब्दहरु थप गरिएका छन्।

७. **मूल नियमावलीको नियम १३८ (१) मा संशोधन :** मूल नियमावलीको नियम १३८ (१) मा देहाय बमोजिमको संशोधन गरिएको छ,

नियम १३८ (१) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "बढीमा तीन बर्षसम्म" भन्ने शव्दहरुको सट्टा "बढीमा दश बर्षसम्म" भन्ने शब्दहरु राखिएका छन्।

आज्ञाले,
ओमबहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत